नेपाल ख्रीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 20 No 5 Monthly International Edition of Herald of His Coming May 2019

वर्ष २०, अङ्क ५ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (जेठ, २०७६)

ख्रीष्ट नै सबै कुरा

Chrits is All

By J.C. Ryle (1816-1900)

Vol. 77 No. 12 (924)

"... ख्रीष्ट नै सबै कुरा" (कलस्सी ३ : ११)- यी शब्दहरू ख्रीष्टियनहरूमा अडिएको छ । यदि हाम्रो हृदय यसको पछि साँचो प्रकारले जाने हो भने हाम्रो आत्मा पनि यसपछि लाग्नेछ, यदि छैन भने हामीले सोच्नु पर्छ र सिक्नु पर्छ । ख्रीष्ट विश्वासीहरूको लागि सिद्धान्त साथसाथै प्रयोगात्मक पनि हुनुहुन्छ । उहाँ असल ज्ञान धार्मिकतामा साथै न्यायपूर्ण छ । म तपाइँहरूलाई कसरी ख्रीष्ट नै सबै कुरा हुनुहुन्छ, भनेर बुझाउने । म तपाइँलाई यही सोध्न चाहन्छु कि तपाइँ आफैँले आफैँलाई इमान्दारी भएर तपाइँ को हुनुहुन्छ विचार गर्नुहोस् जसले गर्दा तपाइँ अन्तको दिनमा न्यायमा पर्नु नपरोस् ।

ख्रीष्ट सबै कुरामा पिताको सल्लाहकार- जब संसारको सृष्टि गर्दा एक समय थियो, त्यो समयमा माटो, पहाड, समुद्र तारा मण्डल आकाशमा तिनीहरू एकैचोटि भएका होइनन् । तर, मानिस जो सबैमा ठूलो विचार लिएर आए । थाहा नभएका कुरा पत्ता लगाऊ र थाहा नभएका संस्कृतिलाई ल्याउने यी सबै गर्ने उहाँको ज्ञान हो । त्यसो भए ख्रीष्ट कहाँ हुनहुन्थ्यो ? ख्रीष्ट परमेश्वरसँग हुनुहुन्थ्यो उहाँ परमेश्वर हुनुहुन्थ्यो र परमेश्वरको बराबर हुनुहुन्थ्यो (यूहन्ना १ : १, फिलिप्पी २ : ६) उहाँ परमेश्वर पिताको एक मात्र पुत्र हुनुहुन्थ्यो । "पिता म इच्छा गर्दछु कि तपाइँले मलाई दिनुभएकाहरू म जहाँ छु मसँग रहुन् र मेरो महिमा देखुन्, जुन महिमा संसारको सृष्टि हुन अघिदेखि नै मलाई प्रेम गर्नुभएको हुनाले तपाइँले मलाई दिनुभएको थियो ।" (यूहन्ना १७ : २४) उहाँसँग संसार सृष्टि हुनुभन्दा पहिले नै महिमा थियो । (यूहन्ना १७ : ५) उहाँ सृष्टिमै हुनुहुन्थ्यो । "उहाँ सृष्टिभन्दा अगाडिदेखि नै नियुक्त हुनुभएको थियो । " (१ पत्रुस १ : २०) र विश्वासीलाई चुन्नुभयो (एफिसी १ : ४)

त्यो समयमा ख्रीष्टकहाँ हुनुहुन्थ्यो ?- यहाँ धर्मशास्त्रले के भन्दछ त ? "सबै थोक उहाँद्वारा बनिए र बनिएको कुनै थोक पनि उहाँ विना बनिएनन् ।" (यूहन्ना १ : ३) "किनकि उहाँमा नै सबैथोक सृष्टि भएका थिए । स्वर्ग र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू ... ।" (कलस्सी १ : १६) र "उहाँ फेरि भन्नुहुन्छ, हे परमप्रभु तपाइँले आदिमा पृथ्वीको जग बसाल्नुभयो र आकाश मण्डल तपाइँका बाहुलीका काम हो ।" (हिब्रू १ : १०) बाइबलले यति बताउँदा के अब हामी ख्रीष्टकहाँ हुनुहुन्थ्यो भनेर भौँतारिनु पर्छ त ?

संसारमा पाप प्रवेश गर्ने एक दिन भएको थियो । आदम र हब्बाले नखानु भनेको फल खाएका थिए । तिनीहरूले पवित्र जीवनबाट पापमय जीवनमा प्रवेश गरेका थिए । उनीहरू परमेश्वरको आम्ने-साम्ने भेट र संगतिबाट टाढा भएका थिए । त्यो दिनदेखि विभिन्न नकारात्मक शक्तिले मानिसमा प्रवेश गरेको थियो । मानिस र परमेश्वरको बीचमा पाप आयो । जुन पापले मानिसलाई सधैँ विनाशतिर मात्र लागिरह्यो । त्यसो भए त्यस बेला ख्रीष्ट र कता हुनुहुन्थ्यो ? त्यो समयमा हाम्रा पुर्खाहरू मुक्तिको खोजीमा लागिरहेका थिए । त्यो मानिसले पाप गरेकै समयमा परमेश्वरले स्त्रीको सन्तानले तेरो शिर कुल्चाउने छ भनेर अगमवाणी गर्नुभएको थियो । (उत्पत्ती ३ : १५) मानिस, पतन भएकै समयमा ख्रीष्ट संसारको ज्योति भएर आउनुहुनेछ

भनिएको थियो उहाँ बाहेक अरु कसैबाट त्यो उद्धार र मुक्ति मिल्ने छैन भनिएको थियो । उहाँद्वारा मात्र मुक्ति पाउने भविष्यवाणी बोलिएको थियो ।

परमेश्वरले आफ्नो मुहार केही समयको निम्ति लुकाउन भएको थियो चार हजार वर्षपछि परमेश्वरले उनीहरूलाई क्षमा दिनुभयो र जो मानिसहरू परमेश्वरबाट बागी भएर गएका थिए । बाइबलविद्हरूले परमेश्वरको ज्ञानको बारेमा प्रमाणित गरेको हामी इतिहासमा पाउँदछौं । प्रेरित पावल यसरी भन्दछन् "संसारले बुद्धिद्वारा परमेश्वरलाई चिन्न नसकेको हुनाले उहाँको बुद्धि अनुसार हामीले प्रचारेको सु-समाचारको मूर्खताद्वारा नै विश्वास गर्नेहरूलाई बचाउन परमेश्वरले उचित ठहराउनु भयो ।" (१ कोरिन्थी १:२१) संसार खीष्ट विना पापले भरेको थियो ।

त्यसो भए खीष्टले के गर्नुभयो त ? खीष्टले पिताबाट पाएको सम्पूर्ण वैभवलाई त्यागेर पृथ्वीमा मुक्ति दिन आउनु भयो । हाम्रा सधै कम्जोरी उहाँले आफूमाथि लिनु भयो र मानवलाई जन्म लिनुभयो । परमेश्वरको इच्छामा उहाँ मर्नुभयो । दुःख भोग्नु भयो । उहाँले कहिल्यै नमेटिने धार्मिकता ल्याउनु भयो । सबै प्रकारका रीतिरिवाजलाई र बन्धनलाई तोड्नु भयो । सबै पाप र अशुद्धतालाई धुनुभयो । हाम्रो पापको साटोमा मर्नुभयो । हाम्रो न्यायको निम्ति मृत्युबाट बौरनुभयो र हामीलाई मुक्ति दिनु भयो । स्वर्ग चढी जानु भयो र पिताको दाहिनेपट्टि बसेर हाम्रो निम्ति अन्तरबिन्ती गरिरहनु भएको छ ।

जब पापको जन्म भयो । न्यायको दिनभन्दा अगाडि नयाँ स्वर्ग र नयाँ पृथ्वी बन्नुअगाडि परमेश्वरको दिनमा सबै नयाँ बनाउनु हुन्छ । सबै पृथ्वी प्रसव वेदनाले छटपटाएको छ । (रोमी ८ : २२, प्रेरित ३:२१, २ पत्रुस ३ :१३, यशैया ११:९)

त्यतिखेर खीष्टले के गर्नु भएको थियो ? येशू खीष्ट आफैं राजा हुनुहुन्छ । उहाँले यस पृथ्वीमा नयाँ कुरा बनाउनुहुन्छ, उहाँ बादलको सवारीमा महिमाको शक्तिमा आउनुहुनेछ र यो संसार उहाँको राज्य हुनेछ । उहाँको अगाडि कुनै कुरा लुक्ने छैन । संसार उहाँको राज्य हुनेछ, उहाँको अगाडि कुनै कुरा लुक्ने छैन । संसार उहाँको हुनेछ । हरेक घुँडा टेक्नेछन्, हरेक जिब्रोले भन्नेछन्- येशू खीष्ट नै प्रभु । उहाँको राज्य अनन्तको हुनेछ । यो कहिल्यै हराउने छैन उहाँको राज्य कहिल्यै सकिने छैन ? (मत्ती २४ : ३० प्रकाश ११ : १५ भजन संग्रह २ : ८ फिलिप्पी २ : १०- ११ दानिएल ७ : १४)

मानिसहरूको न्याय गर्ने दिन आउने छ । सम्पूर्ण समुद्रले आफ्नो मृतकलाई दिनेछन् अनि पाताले पनि दिनेछन् र आफ्नो आफ्नो काम अनुसार तिनीहरूको इन्साफ हुनेछ । (प्रकाश २० : १३, दनिएल १२ :२)

त्यसो भए कहिले खीष्टले न्याय गर्ने त ? खीष्ट आफैं न्याय गर्नुहुन्छ । "किनकि पिताले कसैको न्याय गर्नुहुन्न, तर सबै न्यायको काम गर्ने पुत्रलाई दिनुभएको छ ।" (यूहन्ना ५:२२) "जब मानिसको पुत्र सारा स्वर्गदूतहरूसँग आफ्नो महिमामा आउनेछ, तब ऊ आफ्नो महिमामय सिंहासनमा बस्नेछ । र, उसको सामुन्ने सबै जातिहरू भेला हुनेछन् र जसरी गोठालोले भेडा र बाखालाई छुट्टाउँछ, त्यसरी नै उसले तिनीहरूलाई एउटालाई अर्कोबाट अलग गर्नेछ ।" -मत्ती २५: ३१ - ३२) किनकि हामी सबै खीष्टका न्याय आसनको सामुन्ने खडा हुनुपर्छ यसरी शरीरमा हुँदा आफूले गरेबमोजिम हरेकले असल वा खराब प्रतिफल पाउनेछ ।" (२ कोरिन्थी ५ : १०)

यी सबै कुरा जो पिताले गर्नुभयो र पुत्र पनि साथै हुनु भयो । त्यसैले न्याय छुटकारा सृष्टि हरेक क्रियाकलापमा उहाँ पितासँग हुनुभएकाले सबै कुरामा खीष्ट र भनिएको हो । "ताकि सबैले पुत्रको आदर गरुन जसरी तिनीहरूले पिताको आदर गर्छन् । पुत्रको आदर नगर्नेले उसलाई पठाउनु नै पिताको पनि आदर गर्दैन ।"(यूहन्ना ५ : २३)

खीष्ट बाइबलमा पनि सबैथोक हो- सुरुदेखि हेर्दा हरेक क्रियाकलापमा खीष्ट हुनुहुन्छ । उहाँले सबैतिर मध्यस्थकर्ताको काम गरिरहेको पाउँदछौं । पुरानो करारमा गरिने बलिदानको निम्ति खीष्ट आफैं पनि हुनुभयो । मानिसहरूले पापको निम्ति को मर्न सक्छ भनेर हेरिरहेको थिए । जसले मानिसको पाप उठाई लान सक्छ, मानिसलाई स्वतन्त्र गराउन सक्छ । (१ पत्रुस ३ : १८) त्यस्तो अनन्तको प्रभुको भन्दा खीष्ट प्रभुमात्र हुनुहुन्छ ।

हाबिल र कैनको भेटीमा खीष्ट हुनुहुन्थ्यो । जो उसले भेटीलाई देख्नु भएको थियो । हाबिलले असल पाठो चढाएको थियो तर कैनको थिएन । विश्वासद्वारा ग्रहण योग्य बली हाबिलले चढाएका थिए । (हिब्रु ११ : ४)

पिताले हनोकसँग भनेका कुरा दण्ड दिने, उहाँको विषयमा कठोर कुराहरू बोल्ने अर्धामिक रीतले भक्तिहीन कार्य गर्नेहरू । "अनन्त सबैको इन्साफ हुनेछ ।" (यहूदा १ : १५)

अब्राहामसँग पनि खीष्टको उपस्थिति थियो । प्रतिज्ञाको मुलुकमा हुँदा खीष्ट अब्राहमसँग हुनुहुन्थ्यो । अब्राहम हुनुभन्दा पहिले खीष्ट हुनुहुन्थ्यो । (यूहन्ना ८ : ५६)

याकूबको छोरासँग पनि खीष्ट बोल्नुभएको थियो । याकूब सुतिरहेका थिए त्यो समयमा खीष्ट आफैं बोल्नुभयो । "यहूदाको हातबाट राजदण्ड हट्ने छैन, राज्य चलाउनेको लाठी त्यसको खुट्टाको बीचबाट हट्ने छैन । जबसम्म त्यसका

मालिक आउँदैन । र, जातिहरू उहाँको आज्ञाकारी बन्नेछन् ।" (उत्पत्ती ४९ : १०)

इस्राएलाई दिनुभएको कानून त्यो खीष्टले नै हुनुहुन्थ्यो । जुन मोशाको समयमा, बिहान बेलुका पुजाहारीद्वारा बलिदान चढाउन विभिन्न नियम कानून सिकाउने खीष्ट नै हुनुहुन्थ्यो । पमेश्वरसँग कमजोरहरूको उत्साह र धैर्यता छ । पमेश्वरले खीष्ट येशूद्वारा मरुभूमिमा आफ्ना काम गर्नुभयो । बादलको खाँबो बनेर आगोको ज्वाला बनेर इस्राएलीहरूलाई डोऱ्याउनु भयो । मन्ना खुवाउनु भयो, चट्टान फुटाई पानी पियाउनु भयो यी सबै कार्य गर्ने खीष्ट नै हुनुहुन्थ्यो । (१ कोरिन्थी १०:४ यूहन्ना ३ :१४)

सबै न्याय कर्तासँग बोल्नुहुने खीष्ट हुनुहुन्थ्यो । येहोशु, गिदोन, योहोशापात, सिम्सोन आदि जाति पनि इस्राएलीलाई प्रवासी बनाएर लागिएको थियो र त्यहाँबाट निकाल्ने काम गरे जुन अगुवाहरूसँग खीष्ट येशू बोल्नु भयो ।

दाउदलाई चुन्नुहुने पनि खीष्ट नै हुनुहुन्थ्यो । शाउल र सम्पूर्ण इस्राएलीहरूको छुटकारा दिने पनि खीष्ट नै हुनुहुन्थ्यो दुःखमा परेकालाई सहायता गर्नुहुने खीष्ट नै हुनुहुन्छ । दाउदले जति पनि छुटकारा सहायता निको बनाउने कुराहरू गरेका छन्, सबै खीष्टको बारेमा नै बोलेका छन् ।

इस्राएलमा भएका सम्पूर्ण अगमवाणी र भविष्यवाणी बोल्ने साथै अगमवक्ता जो उनीहरूले बोले सबै खीष्ट नै हुनुहुन्थ्यो । यशैयादेखि मलाकीसम्म भएका सबै अगमवक्ताहरू खीष्टकै कारण हुन् (१ पत्रुस १ : ११) उनीहरूले हामीलाई कहिल्यै पनि खीष्ट जो आउनु भयो र आउदैन हुनुहुन्छ भन्ने बारेमा भिन्नता बताएनन् उहाँ एउटै हुनुहुन्छ । उनीहरूले बाइबल लेख्दा पवित्र आत्माद्वारा प्रेरित भएर लेखेका थिए । उहाँको जन्मको बारेमा, मृत्युको बारेमा पुनर्स्थापनाको बारेमा र दोस्रो आगमनको बारेमा यी सबै खीष्टको बारेमा नै थिए ।

यो नयाँ करारलाई पूरा गर्नुहुने खीष्ट नै हुनुहुन्छ । सु-समाचारका पुस्तक सबै खीष्टको बारेमा छन् । मानिसहरूसँग रहने बोल्न र हिँडडुल गर्ने खीष्ट नै हुनुहुन्छ । पत्रहरू खीष्टकै बारेमा लेखिएको छ सुरु र अन्त अरु कुनै नाउ लेखिएको छैन जुन नाउँ येशू खीष्ट हो ।

सत्य खीष्टियनहरूको लागि यो धर्म-खीष्ट येशूले हरेक पापी र बन्धनमा परेकालाई मुक्ति दिई स्वतन्त्र बनाउनु हुन्छ । शुरुदेखि हामी तीनै आत्माका एउटै काम भएको पाउँदछौ । बाइबलमा स्पष्टसँग यो मानिएको छ कि पिता पुत्र पवित्र आत्माका काम एउटै भए पनि खीष्ट येशू देहदारी बनेर काम गर्नु भयो पिता र पवित्र आत्माले आत्मासँग काम गर्नुभयो । खीष्टलाई संसारलाई बचाउन पठाइयो जो मानवजस्तै भएर आउनु भयो । जुन आदमले पापलाई यस संसारमा काम गर्न दिएर पाप ल्याएको थियो त्यसलाई भेटाउन खीष्ट आउन पऱ्यो । सम्पूर्ण पापीहरूलाई बचाउनको निम्ति र उद्धार गर्नको निम्ति खीष्ट गर्नु नै पर्थ्यो ।

परमेश्वर पिताले खीष्टमाथि छाप लगाउनु भएको छ । (यूहन्ना ६ : २७) मानिसहरूले परमेश्वरको महिला खीष्ट येशूद्वारा हुनलाई दिनुभयो । उहाँले सधैं शान्ति दिनुहुन्छ । "किनकि उहाँको आफ्नो सहारा पूर्णता खीष्टमा गरेको म परमेश्वर प्रसन्न हुनुभयो ।" (कलस्सी १ : १९) परमेश्वरले खीष्टलाई स्वर्गबाट मानिसको बीचमा पठाउनुभयो सत्य इसाइत्व सुरु गर्नुभयो ।

परमेश्वरको अगाडि खीष्टले पापीहरूको न्याय गर्नुभयो, खीष्टद्वारा मात्र हामीले पवित्र शान्ति पाउन सक्छौं । खीष्टद्वारा स्वर्गीय पितामा विना डर पुग्न सक्छौ ।" उहाँमाथि राखिएको हाम्रो विश्वासद्वारा सहास र दृढ भरोसामा हामी परमेश्वरमा प्रवेश पाउँछौ । (एफिसी ३ : १२) परमेश्वर आफैं धर्मी हुनुहुन्छ र उहाँमा विश्वास गर्नेलाई धर्मी ठहराउनुहुन्छ । (रोमी ३ : २६)

हामी येशू खीष्टको नाउँमा उभिनको निम्ति हामीले पूर्ण खीष्टमा विश्वास राख्नुपर्छ । हाम्रो निम्ति खीष्ट कल्वरी क्रूसमा मर्नुभएको हो । त्यसैकारण हामी खीष्टलाई विश्वास गर्नुपर्छ । खीष्टको धार्मिकताले हामीलाई ठिक बाटोमा उभिनको निम्ति सहायता मिल्छ । येशूको नाउँमा हरेक मानव जातिले अनन्तको सहायता मिल्छ । येशूको नाउँमा हरेक मानव जातिले अनन्तको महिमा परमेश्वरलाई दिन सक्छ । खीष्टमा विश्वास गर्नेलाई कहिल्यै लाजमा पार्नु हुँदैन ।

खीष्ट येशूको नाउँमा अनन्त महिमामा प्रवेश गर्न सकिन्छ । यदि हामीले आफ्नो नाउँको महिमा गर्न खोज्यौ भने हाम्रो पतन हुन सक्छ । त्यसै सम्पूर्ण उहाँमा सुम्पेर अनन्तको महिमा खीष्टद्वारा प्रवेश भएको हुनुपर्छ ।

येशू खीष्टको रगतको दुहाइले हामीलाई बचाउन सक्छ । खीष्ट येशूको पवित्र रगत हाम्रो निम्ति नआएको भए । हामी सबै पापबाट मुक्त हुन सक्ने थिएनौ । खीष्ट सबै आत्माको निम्ति गर्नुभएको हो भन्ने हामी बिर्सन हुँदैन । सित्तैमा पाएको अनुग्रहद्वारा हामी स्वर्ग जान सक्छौं भन्ने बिर्सनु हुँदैन । यदि खीष्ट नभएको भए हामी कहिल्यै पनि स्वतन्त्र हुन पाउने थिएनौं । के तपाइँमध्ये कोही साँच्चै खीष्टको रगतद्वारा बाँच्न चाहनुहुन्छ । यदि भने खीष्टमा आउनु होस्, उहाँले सहारा दिनु हुनेछ । उहाँले तपाईंको जीवनमा असल काम गर्नुहुनेछ, नडराउनुहोस् ।

के तपाइँ रिससँग डराउनु हुन्छ । खीष्टमा आउनुहोस् उहाँले सबै ठिक गर्नुहुनेछ । क्रूसमा पुराना कानून सिध्याएको थाहा छ ? के उहाँ जान्ने हुनुहुन्छ ? खीष्टको रगतले हाम्रा यी सबै दुःख कष्टबाट मुक्त गर्नुहुन्छ । (प्रकाश ७ : १४)

उहाँ धार्मिकता मात्र ल्याउने होइन, उहाँले त प्रशोधन पनि गर्नु हुन्छ । कोही पनि पवित्र हुँदैन उहाँमा रहेर मात्र हामी पवित्र हुन सक्छौं । (यूहन्ना १५ : ५) कोही पनि पवित्रतामा बढ्न सक्दैन जबसम्म त्यो व्यक्ति खीष्टसँग रहन सक्दैन । परमेश्वर खीष्ट येशू हाम्रो निम्ति सित्तैमा उपहार दिनु भएको छ । खीष्टमा जरा गाडिएको हामी हनुपर्छ । (कलस्सी २ : ६ -७)

के तपाई पवित्र चाहनुहुन्छ ? यदि हो भने खीष्टलाई भन्नाको रूपमा दिनदिनै खान सिक्नुहोस् । यदि तपाइँ पवित्र बन्न चाहनुहुन्छ भने इस्राएलीले चट्टानबाट पानी पिएको जस्तै तपाइँले पनि पवित्र आत्माका शक्तिमा खीष्ट येशूलाई पिउन सक्ने भएको होस् । उहाँको पछि लाग्ने र उहाँमा विश्वास गर्ने हरेकले खीष्टलाई हेरोस् र उहाँमा प्रार्थना गरोस् । हाम्रो विश्वास सुरु गर्ने र पूरा गर्ने उहाँ नै हुनुहुन्छ । अपमान र कष्टलाई हाम्रो निम्ति भोग्नु भयो । त्यसैले हाम्रो आँखा उहाँमा राखौं । (हिब्रू १२:२, २ कोरिन्थी, ३ : १८) खीष्ट येशू जो पवित्र हुनुहुन्छ । उहाँ एकमात्र पुत्र हुनुहुन्छ र उहाँ मरुभूमि भएर आउनु भयो (श्रेष्ठगीत ८ : ५) सबैभन्दा सत्य कुरा के हो भने हामीले आफ्ना कमजोरीलाई मानिलिनु पर्छ र खीष्ट सबै कुरामा हुनुहुन्छ भन्ने थाहा गर्नुपर्छ । अनुग्रहमा बढ्ने सत्यबाटो खीष्ट नै हुनुहुन्छ । त्यसपछि हामीले यो भन्न सक्छौं । "म खीष्टसँग क्रूसमा टाँगिएको छु, अब उप्रान्त जीउने म होइन तर खीष्टमा जीउनु हुन्छ जुन जीवनमा शरीरमा म अहिले जीउँछु त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जीउँछु जसले मलाई प्रेम गर्नुभयो र मेरो निम्ति आफूलाई अर्पण गर्न भयो ।"(गलाती २:२०)

खीष्ट विना पवित्र हुन चाहनेहरूप्रति म दयनीय हुन्छ । तिमीले प्वाल परेको थैलीमा पैसा राखेर जस्तै हो । त्यो तपाइँले प्वाल परेको भाडोमा पानी खनाए जस्तै हो । तपाइँले बालुवामा जग बनाएजस्तै हो । त्यसैले पहिला खीष्टलाई विश्वास गर्नुपर्छ अनि मात्र उहाँले सबै गर्नुहुन्छ । पावलले भनेजस्तै तपाइँ पनि हुनुसक्नु हुन्छ । "जसले मलाई शक्ति दिनुहुन्छ उहाँमा नै म सब कुरा गर्न सक्छ ।" (फिलिप्पी ४ : १३)

सत्य खीष्टियनलाई मात्र शुद्ध पार्ने होइन, उहाँले अहिलेको समयमा सान्त्वना पनि दिनुहुन्छ उहाँले पिताले दिने मायामा, दाजुले वा भाइले दिने प्रेममा सम्पूर्ण उहाँलाई विश्वास गर्नेलाई सान्त्वना दिनुहुन्छ । उहाँ हाम्रा सबै दुर्बलताहरूमा सहानुभूति देखाउन सक्ने हुनुहुन्छ उहाँ पापरहित हुनुहुन्छ । (हिब्रू ४ : १५) येशू खीष्टलाई दुःख के हो थाहा थियो तर पनि उहाँले त्यही बाटो रोज्नुभयो । उहाँ रुनुभयो र, भन्नुभयो म त पानीझैं पोखिएको छु । र, मेरा सारा हड्डीहरुका जोर्नीहरु फुस्किएका छन्, मेरो मुटु मैनजस्तै भैइसकेको छ मेरो छातीभित्र त्यो पग्लेको छ । (भजनसंग्रह २२ : १४) उहाँको निम्ति शिर लुकाउने ठाउँ पनि थिएन । कसैले पनि उहाँलाई विश्वास गरेन । यहाँसम्म कि आफ्नै परिवारले पनि उहाँलाई विश्वास गरेन । येशूलाई दुःख परेका मानिसलाई कसरी सान्त्वना दिने भन्ने थाहा थियो । उहाँलाई पवित्र आत्माद्वारा अभिषेक गर्ने कुरा पनि थाहा थियो । उहाँलाई खाली हृदयहरू कसरी गर्ने भन्ने चिन्ता थियो । टुटेका हृदयहरूलाई निको पार्ने र विस्तारामा परेका बिरामीलाई निको पार्ने भन्ने थाहा थियो र उहाँलाई पुकार्नेको नजिक जाने र मुक्ति दिनको लागि तयार हुनुहुन्थ्यो । "मैले तपाइँमा पुकारा गर्दा तपाई मेरो नजिक आउनुभयो र तपाइँले भन्नुभयो नडरा ।" (विलाप ३ : ५७) दाउदले यसो भन्दछन् "जब मेरो मनमा ज्यादा फिक्री भयो, तपाइँको सान्त्वनाले मेरो प्राणलाई आनन्दित तुल्यायो ।"(भजनसंग्रह ९४ : १९) धेरै विश्वासीले भन्दछन् कि यदि परमेश्वर आफैंले सम्हालु भएन भने बाढीले हामीलाई बगाइलाने थियो । (भजनसंग्रह १२ : ४-५) खीष्ट अहिले र आउने समयको लागि सबै कुरामा हुनुहुन्छ ।

सत्य खीष्टियनको आशा के हो त ? येशू खीष्ट फेरि आउनुहुनेछ पाप विना आउनुहुनेछ, उहाँका मानिसहरूकहाँ आउनुहुनेछ, उहाँ आउँदा सबै सुतेकाहरू उठ्ने छन्, सबै सन्तहरू ब्युँतिनेछन्, सम्पूर्ण परिवार खीष्ट येशूसँग सदासर्वदा रहनेछ । "किनकि अब एकछिनमा आउनुहुनेछ चाहिँ आउनुहुने नै छ र बियालो गर्नुहुनेछैन ।" (हिब्रू १०:३७)

खीष्ट स्वर्गमा पनि सबै हुनुहुन्छ - म उहाँ विना एक्लै केही गर्न सक्दिन म सँग शक्ति छैन । नजानेका कुरा म व्याख्या गर्न सक्दिन मलाई यो थाहा छ कि सबै मानिस स्वर्गमा पुग्नेछन् र सबैले पत्ता लगाउने छन् कि खीष्ट नै सबै हुनुहुन्छ । सिंहासनको बीचमा स्वर्गदूत र सन्तहरू उहाँको प्रशंसा गरिरहेका हुनेछन् "मैले एउटा थुमा उभिरहनु भएको देखे, जो मारिएको जस्तो देखा पर्नुहुन्थ्यो ...।"(प्रकाश ५ : ६ - १४, २१ : २३)

प्रभु खीष्टलाई प्रशंसा गरिहने गीत स्वर्ग नै गुन्जयमान हुने गरी गाइरहेका हुनेछन् । "तिनीहरू चर्को स्वरले यसो भनिरहेका थिए, मारिएका थुमा सामर्थ्य, वैभव, वुद्धि शक्ति सम्मान महिमा

प्रभु आफैंले तिमीलाई सिद्ध बनाउनुहुन्छ

God shall Himself Perfect You

By Andrew Murrery (1828-1917)

Vol 77 No. 9 (921)

प्रभुले तपाइँलाई आफैंले शक्ति दिनुहुन्छ र उहाँ आफैं शक्ति हुनुहुन्छ भन्ने सन्दर्भमा पत्रुसले यसरी भन्दछन्- "सबै अनुग्रहका परमेश्वरले खीष्टमा आफ्नो अनन्त महिमाको निम्ति तिमीहरूलाई बोलाउनु भएको छ । तिमीहरूले केहीबेर कष्ट भोगेपछि उहाँले नै तिमीहरूलाई फेरि नयाँ पार्नुहुनेछ । स्थिर गर्नुहुनेछ र शक्तिशाली पार्नुहुनेछ । उहाँलाई नै पराक्रम र शक्ति सदासर्वदा भइरहोस् आमेन् ।" (१ पत्रुस ५ : १० - ११)

महिमाको निम्ति दुःखभोग गर्नु पत्रुसको मुख्य शब्द हो । दुःख, कष्ट भोग्नु भन्ने शब्द १६ पटक लेखेका छन्, महिमा १४ पटक लेखिएको छ । अन्तमा पत्रुसले पाठक वर्गलाई यो फेरि याद दिलाउँदछन्, "सबै अनुग्रहका परमेश्वरले खीष्टमा आफ्नो अनन्त महिमाको निम्ति ... कष्ट भोगेपछि ..."

नयाँ करारका पत्रहरूमा खीष्टको मृत्युले परमेश्वरको महिमाको बारेमा प्रस्ट बताउँद छ । हामी खीष्टमा रहेर दुःख कष्ट भोग्दा उहाँसँगै उहाँजस्तै भएर भोगेका हुन्छौं । पत्रुसले पनि यहाँ यही भन्दछन् कि उहाँमा केहीबेर कष्ट भोगेपछि उहाँले नै हामीलाई शक्तिशाली र नयाँ बनाउनुहुनेछ । परमेश्वरको साँचो अनुग्रह यही नै हो, खीष्टको महिमाको निम्ति दुःख सहनु । उहाँ पिताको नजरमा सिद्ध बन्नुभयो कि आफ्नो पूर्ण रूपमा दुःखकष्ट भोगी उहाँमा आज्ञाकारी बनी पितालाई महिमा दिनुभयो । त्यस्तै गरी हामी पनि उहाँको निम्ति कष्ट भोग्न सक्यौं भने त्यो कष्टद्वारा पिताले आफ्नो महिमा लिनु हुनेछ ।

"उहाँ आफैं सिद्ध हुनुहुन्छ, त्यसैले उहाँले तिमीलाई पनि सिद्ध बनाउनु हुनेछ ।" खीष्टमा सबै सिद्धता छ त्यसैले उहाँमा सबै सिद्ध हुनेछन् र सबै सिद्धता उहाँबाट नै आउँदछ । यदि हामीले उहाँको सिद्धतालाई हेर्‍यौं भने, उहाँले बनाउनु भएका सबै थोकहरू अद्भुत रीतले बनिएका छन् र आशिषत भएका छन् । आकाशका तारापुञ्ज देख । सूर्य, चन्द्र, नदी, बतास सबै उहाँको आज्ञामा जडिएका छन् । यी सम्पूर्ण प्रकृतिलाई हेरेर पनि परमेश्वरले सबै थोक अति नै सुन्दर बनाउनुभयो । यी सबै उहाँका कार्यले उहाँको प्रशंसा गर्दछन्, त्यसैले उहाँको कार्य पूर्ण रूपमा सिद्ध छन् ।

खीष्टियनहरूको सिद्धता नै परमेश्वरले बनाउनु भएको प्रकृतिमा रहेको छ । हामीलाई पनि परमेश्वरले सिद्ध बनाउनु भएकोछ । "यो उचित थियो कि परमेश्वर, जसको निम्ति र जसद्वारा सबै थोकको अस्तित्व छ, उहाँले नै धेरै सन्तानलाई महिमामा ल्याउनु हुनछ । तिनीहरूका मुक्तिका कर्ता येशूलाई कष्टहरूद्वारा सिद्ध तुल्याउनु भयो ।" (हिब्र २ : १०) यी माथिका सबै थोकहरूलाई हेर्दा परमेश्वर जसले कमजोरीहरूबाट आफ्नो महिमा लिनुहुन्छ ती कमजोरमा भएर काम गर्नुहुन्छ र उनीहरूले उहाँको महिमा गरेका हुन्छन् । यी सबै चित्रणले जसको निम्ति र जसद्वारा सबैथोक सिद्ध हुन आएका हुन् भन्ने प्रमाणित गर्दछ । त्यही सिद्धताको शक्तिद्वारा उहाँले हामीबाट आफ्नो महिमा

र स्तुतिग्रहण गर्ने योग्यका हुनुहुन्छ । अनि स्वर्गमा पृथ्वीमा पृथ्वी मुनि समुन्द्र र त्यहाँ भएका हरेक प्राणीले यसो भनिरहेका मैले सुने, सिंहासनमा विराजमान हुन हुनेलाई र थुमालाई स्तुति सम्मान महिमा र सामर्थ्य सदा सर्वदा होस् ।"(प्रकाश ५:१२ - १३)

स्वर्गमा कुनै किसिम दुःख, पीडा, घुस केही हुँदैन त्यहाँ केवल परमेश्वरको महिमा मात्र गरेर अनन्तसम्म रहिरहन्छ । "तिनीहरू परमेश्वरको सिंहासनको सामुन्ने छन् र दिनरात उहाँको मन्दिरमा उहाँको सेवा गर्दछन् ।" (प्रकाश ७ : १५)

उनीहरूले खीष्टको मुहार देख्नेछन् र अनन्त सम्म रमाइरहने छन् । भजन लेखकले भनेको जस्तै हामी सुतेकाहरू ब्युझिँदा खीष्टसँग हुनेछौं र उहाँको मुहार देख्नेछौ आवाज सुन्नेछौं, हामी सन्तुष्ट हुनेछौ । (भजन संग्रह १७ : १५)

के खीष्ट सबै हुन हुन्न त ? त्यसैले उहाँलाई साँचो विश्वास गर्ने उहाँका मानिसहरू ढुक्कसँग उहाँको सेवा गर्नुभए हुन्छ । र, उहाँलाई सबैथोक भन्दा बढ्ता गरेर प्रेम गर्नुभए हुन्छ । कति मानिसले मौका परेमात्र खीष्टलाई हेर्ने नभए आफ्नो स्वार्थमा लाग्ने हुन्छन्, त्यसैले आफ्नो सम्पूर्ण हृदयले उहाँलाई पच्छ्याऊ र उहाँको पछि लागौं । खीष्टले आफ्ना मानिसलाई प्रेम गर्नुहुन्छ । उहाँले आफ्ना मानिसले उहाँमा आराम चाहानुहुन्छ, उहाँले आश्रय दिन चाहनुहुन्छ त्यसैले उहाँले बोलाउनु हुन्छ । आउनुहोस् धेरैभन्दा धेरै हामीले उहाँको सेवा उहाँमा मात्र बाँचौं । त्यसैले हामीले जे पनि गर्छौं खीष्टको निम्ति गरौं र खीष्टमा गरौं ताकि अरुले हाम्रो जीवनमा खीष्ट नै हरेक ठाउँमा सबैथोक हुनुहुन्छ भन्ने बुझ्न र देख्न सकुन् ।

Condensed from the book holiness

लिनुहुन्छ । परमेश्वरले मानिसको हृदयमा उहाँको इच्छा पूरा गर्ने इच्छा जगाइदिनु भएको छ । यो कहीँ गएर खोजी गर्नुपर्दैन यो आपसेआफ हृदयमा जाग्ने तत्व हो । उहाँमा खुसी हुनु र आराधना गर्नु ख्रीष्टमा मात्र सम्भव छ । परमेश्वर आफैँले यो प्रतिज्ञा गर्नुभएको छ । उहाँको वचन सत्य छ । रोमीको पुस्तकमा पावलले यसरी लेख्द छन् "किनकि पापले तिमीहरूमाथि राज्य गर्ने छैन, किनकि तिमीहरू व्यवस्थाको अधिनमा छैनौ तर अनुग्रहको अधिनमा छौ ।" (रोमी ६ : १४) हाम्रो जीवनको निम्ति जति पनि प्रतिज्ञा गरिएको छ ती सबै पूरा भइ नै रहेका छन् । परमेश्वर आफैँले हामीलाई आफ्नो मार्गमा राख्नुभएको छ र परमेश्वरले जहाँ हामीलाई राख्नु भएको छ त्यही ठाउँ हामीलाई बलियो बनाउन चाहनुहुन्छ, उठाउन चाहनुहुन्छ । परमेश्वरले दिएको नियम जुन पुरानो समयको निम्ति थियो तर अहिले प्रभुको अनुग्रह प्रशस्त भएको छ । येशू हाम्रो निम्ति मर्न तयार हुनुभयो र मर्नु पनि भयो । त्यति मात्र नभएर उहाँ बौरी उठेर आज हामीलाई अनन्तको जीवनमा डोऱ्याउनु भएको छ । आज हामीलाई बौरी उठाइएको शक्तिले बलियो बनाएको छ ।

त्यसैले आउनुहोस्, हामीले यो थाहा गरौँ कि प्रभु आफैँ सिद्ध हुनुहुनछ र जतिले उहाँलाई विश्वास गर्दछन् र ग्रहण गर्दछन् तिनीहरूलाई उहाँले सिद्ध बनाउनु भएको छ । त्यसैले उहाँलाई आराधना गरौँ, उहाँलाई महिमित पारौँ, उहाँका आज्ञाहरू पालन गरौँ, उहाँ सँगसँगै रहने कोशिस गरौँ, उहाँको वचन पालन ग रौँ, उहाँलाई माया गरौँ, प्रार्थना गर्दै हरेक समयमा उहाँको नजिक जाऔँ । जसले हामीलाई पुच्छर होइन, शिर तुल्याउनु हुनेछ, हारेको होइन विजयी जीवन दिनु हुनेछ ।

छोराछोरीलाई अनुग्रह शिष्ट प्रार्थना गर्न सिकाउनु- परमेश्वरको वचनभन्दा बाहिर रहेर असल प्रार्थना गर्न हामी र हाम्रा नानीहरूलाई सजिलो छैन । यहाँ केही बाइबलीय ढंगद्वारा साना नानीहरू र जवानहरूलाई सिकाउने तरिका छन् । उनीहरूका बुबा आमा र हजुर बुबा आमाले कसरी उनीहरूकोको लागि शक्तिशाली प्रार्थना गरेका हुन्छन्, छोराछोरीको जीवनको निम्ति कति शक्तिशाली प्रार्थना उनीहरू गरिरहेका हुन्छन् । तल केही बाइबलीय उदाहरणहरू छन्-

(१) "किनकि पापले तिमीहरूमाथि राज्य गर्ने छैन, किनकि तिमीहरू व्यवस्थाको अधिनमा छैनौ । तर अनुग्रहको अधिनमा छौ ।" (रोमी ६ : १४) परमेश्वरलाई धन्यवाद दिनुहोस् कि तपाइँ पापको दासत्वमा हुनुहुन्छ कि ख्रीष्टको रगतद्वारा छुटकारा पाउनु भएको छ । उनीहरूको जीवन अरुको भन्दा भिन्दै र अचम्मको भएको कारण प्रार्थना गर्नुहोस् र धन्यवाद दिनुहोस् । यो सबै परमेश्वरको सित्तकौ उपहार हो भन्ने याद राख्नुहोस् र प्रार्थना गर्नुहोस् कि तपाइँले क्रूसमा गर्नुभएको कार्यको निम्ति धन्यवाद । मेरा छोराछोरीलाई तपाइँको क्रूसलाई हेर्न सिकाउनुहोस् । उनीहरूका आँखा तपाइँतिर फर्काइदिनुहो । जसले गर्दा कुनै किसिमको अप्रिय घटना हुन नपाओस् । तपाइँले क्षमा दिनुभएको लागि धन्यवाद । पाप क्षमा गर्नुभएको लागि धन्यवाद । त्यसैले हामी हाम्रो हृदयदेखि नै क्षमा माग्दछौँ कि अब फेरि यस्ता गल्ती जुन अन्जानमा भएका थिए, नदोहोरिएका हुन् ।

(२) "किनकि सबै मानिसहरूका मुक्तिका निम्ति परमेश्वरको अनुग्रह प्रकट भएको छ, जसले हामीलाई भक्तिहीन र भक्त भएर जीवनयापन गर्न तालिम दिन्छ ।" (तितस २ : ११ - १८) पिता तपाइँको शक्तिद्वारा संसारसँग संघर्ष गर्ने शक्ति र ज्ञान दिन्होस् कि जुन कुराले भलाइ तपाइँदेखि टाढा बनाउँदछ । म तपाइँका मानिसहरूका बीचमा काम गर्न चाहन्छु । मलाई तपाइँको शक्तिको खाँचो छ । ती कमजोर मानिसहरूलाई तपाइँको राज्यमा डोऱ्याउनको लागि मलाई अगुवाइ गर्नुहोस् । म कमजोर हुँदा र तपाइँदेखि टाढा हुँदा तपाइँतिर हेर्न सक्ने शक्ति दिनुहोस् । जसले गर्दा म आफैँ तपाइँमा बलियो हुँदै अरुलाई पनि तपाइँको राज्यमा अगुवाइ गर्न सकुँ । म आफैँले आफैँलाई वशमा राख्न सकुँ । येशूजस्तै बन्न सकुँ । येशू मेरो विचार हुन सकोस् मेरा शब्द हुन सकोस्, साथै मेरा क्रियाकलापमा हुन सकोस् ।

(३) "अभिमानी गिल्ला गर्नेहरूलाई उहाँले गिल्लामा उठाउनुहुन्छ, तर नम्रहरूलाई अनुग्रह दिनुहुन्छ ।" (हितोपदेश ३ : ३४) "तर उहाँले अझ बढी अनुग्रह दिनुहुन्छ, यसैकारण पवित्र धर्मशास्त्र यसो भन्दछ, परमेश्वरले अभिमानीहरूको विरोध गर्नुहुन्छ, तर नम्रहरूलाई अनुग्रह गर्नुहुन्छ ।" (याकूब ४ : ६) परमेश्वर पिता कहिलेकाहीँ मेरा आँखालाई मबाट टाढा राख्न मलाई गाह्रो हुन्छ त्यसैले पिता मलाई आफ्नो अहम्पनबाट टाढा राख्नुहोस् र मेरा घमण्डीपनलाई म छोड्न सकुँ । जसले गर्दा म मेरो जीवनमा तपाइँको अनुग्रहको अनुभव गर्न सकुँ । पिता म नम्र हुन चाहन्छु, जसले गर्दा तपाइँले मलाई तपाइँको महिमाको निम्ति बढीभन्दा बढी प्रयोगमा आउन सकुँ र तपाइँको अनुग्रहलाई अरुलाई देखाउन सकुँ ।

(४) "तर मलाई भन्नुभयो, मेरो अनुग्रह तेरो निम्ति पर्याप्त छ, किनभने मेरो शक्ति दुर्बलतामा नै सिद्ध हुन्छ । यसकारण ख्रीष्टको शक्ति ममा बास गरोस् भनेर म बरु मेरो दुर्बलतामा बढी खुसीसाथ गर्न

गर्नेछु । यसकारण खीष्टको खातिर दुर्बलताहरूमा, बदनामीहरूमा, कठिनाइहरूमा, सतावटहरूमा, आपदहरूमा म सन्तुष्ट रहन्छु । किनकि जब म दुर्बल छु, तब म शक्तिशाली छु ।" (२ कोरिन्थी १२ : ९ - १०) पिता मलाई तपाइँको अनुग्रहमा भरोशा गर्नलाई मद्दत गर्नुहोस् । म तपाइँ विना रहन सक्दिन कि मलाई थाहा छ, हरेक परिस्थितिमा तपाइँ मेरो शक्ति, बुद्धि, ज्ञान हुनुहुन्छ र मलाई हरेक मेरा असफलतामा सफलता दिनुहुन्छ । हरेक अवस्थामा तपाइँको अनुग्रहलाई हेर्न सहायता गर्नुहोस् । कसैलाई पनि तपाइँमा भएर हाँड्न मन पर्दैन । तर पिता तपाइँ जब आफ्ना मानिससँग भएर हिँड्नुहुन्छ, तपाइँको अनुग्रह देखाउनुहोस् । मानिसले तपाइँलाई रोज्न सकुन् । तपाइँको शक्तिको घोषणा गर्न सकुन् र म आफैँले पनि तपाइँको महिमित शक्तिको घोषणा गर्न सकुँ र मेरा सबै कमजोरीलाई शक्तिमा परिणत गर्न सकुँ । तपाइँलाई विश्वास गर्न मलाई सहायता गर्नुहोस् कि मेरा कमजोरीमा बलियो हुन सकुँ ।

(५) "उहाँको अनुग्रहको पूर्णताबाट हामीले एउटा अनुग्रहमाथि अर्को अनुग्रह पाएका छौँ ।" (यूहन्ना १ : १६) पवित्र पिता तपाइँबाट मैले धेरै आशिषहरू पाएको छु । अरुलाई पनि आशिषहरू पाएको छु । अरुलाई पनि आशिषित बनाउन मलाई सहायता गर्नुहोस् ।

(६) "विश्वास गर्नेहरूको समूह सबै एकै हृदय र एकै आत्माका भएका थिए र तिनीहरूमध्ये एउटाले पनि आफ्नो धनसम्पत्तिको केही थोक यो मेरो आफ्नो हो भनी भन्दैनथे, तर तिनीहरूका सबै थोक साझा थिए । ती प्रेरितहरूले बडो शक्तिसाथ प्रभु येशूका पुनरुत्थानको गवाही दिन्थे र तिनीहरू सबैमाथि ठूलो अनुग्रह रहेको थियो । तिनीहरूमध्ये कसैलाई केही कुराको खाँचो पर्दैनथ्यो । किनकि जतिजना जग्गा जमिन किन घरका मालिक थिए तिनीहरूले ती बेचेर तयसको मोल ल्याउँथे, र प्रेरितहरूका चरणमा राखिदिन्थे,र जस जसलाई जे जे कुराको खाँचो पर्थ्यो, सो हरेकलाई बाँडिदिन्थे ।" (प्रेरित ४ : ३२ - ३५) प्रभु कृपा गरी मलाई असल व्यक्ति बनाउनुहोस् । यदि तपाइँको अनुग्रहलाई मैले ग्रहण गर्छु भने तपाइँले दिनुभएको उत्तरदायित्वलाई पनि मैले वहन गर्नुपर्छ त्यसैले यी कार्य गर्न मलाई सहायता गर्नुहोस् । मैले पाएको आशिष अरुलाई पनि दिनको निम्ति मलाई शक्तिशाली बनाउनुहोस् । नम्र हृदय दिनुहोस् कि म तपाइँलाई आदर गर्न सकुँ । म सानै छु र पनि मैले थुप्रै मेरो वरिपरि तपाइँको अनुग्रहको खाँचो परेका मानिसहरू देखिरहेको छु । तिनीहरूको निम्ति केही गर्नका निम्ति मलाई सहायता गर्नुहोस् ।

(७) "तर जसरी सबै कुरामा तिमीहरू बढेर गएका छौ, अर्थात् विश्वासमा, वचनमा, ज्ञानमा र सबै जोसमा र हामीप्रतिको तिमीहरूको प्रेममा त्यसरी नै तिमीहरू यस असल काममा पनि प्रशस्त होओ ।" (२ कोरिन्थी ८ : ७) पिता म असल र अरुलाई दिने व्यक्ति बन्न चाहन्छु । मलाई आफ्नो स्वार्थदेखि टाढा राख्नुहोस्, जहाँबाट म तपाइँका जनलाई सहायता गर्न सकुँ । मैले यसरी दिन सकुँ कि कसैले मूल्याङ्कन गर्न पनि नसकोस् । यी सबै कार्यबाट तपाइँलाई मात्र महिमा मिलेको होस् । यो सबै म तपाइँको इच्छामा गर्न सकुँ ।

(८) "परमेश्वरले तिमीहरूलाई हरेक आशिष प्रशस्त मात्रामा दिन सक्नुहुन्छ, ताकि तिमीहरूसित सधैँ नै हरेक कुरा प्रशस्त होस् र हरेक असल कामको निम्ति तिमीहरूले प्रशस्त मात्रामा दिन सक ।" (२) कोरिन्थी ९ : ८) पिता तपाइँसँग शक्ति छ, मलाई असल काम गर्न आवश्यक पर्ने सबै थोकहरू दिनुहोस् । तपाइँको निम्ति गर्नुपर्ने असल काम मलाई देखाइ दिनुहोस् । जहिले पनि तपाइँले देखाएको असल बाटो हिँड्नलाई सहायता गर्नुहोस् । म जतिसुकै बुढो भए पनि केही सरोकार छैन मलाई यही कुरा थाहा छ कि, जुन काम म गर्छु त्यसले तपाइँको राज्यमा केही फरक ल्याउन सकोस् ।

(९) "तर म आफ्नो जीवनलाई कुनै मोलको र आफ्नो निम्ति प्रिय ठान्दिन । यति मात्र चाहन्छु कि परमेश्वरका अनुग्रहको सुसमाचारको गवाही दिनलाई मेरो दौड र प्रभु येशूबाट मिलेको मेरो सेवकाइ म पूरा गर्न सकुँ ।" (प्रेरित २० : २४) पिता तपाइँले मलाई दिनुभएको कार्य पूरा गर्न र मेरो दौड दौडेर गन्तव्यमा पुग्नलाई सहायता गर्नुहोस् । म मेरो सम्पूर्ण जीवन तपाइँके निम्ति गवाही बन्न चाहन्छु । त्यसैले अरु मानिसले म तपाइँको सन्तान हुँ भनेर चिन्न र जान्न सकुन् । अरुले तपाइँलाई ममा देख्न सकुन् मलाई सहायता गर्नुहोस् । येशू खीष्ट तपाइँ मेरो जीवनबाट अरु मानिसहरूको बीचमा प्रकट हुनुहोस् ।

परमेश्वरको अनुग्रह प्रशस्त आफ्नो सन्तानमाथि छ भन्ने कुरा बाइबलबाट देखाएर आफ्ना छोराछोरीहरूलाई निर्धक्क बनाउनु पर्छ । यी माथिका केही मात्र उदाहरणहरू हुन् । यदि तपाइँले आफ्ना छोराछोरीलाई अझ प्रस्ट बनाउन थुप्रै बाइबलका पदहरू छन्, दिनदिन प्रार्थना अघि यी यस्ता प्रतिज्ञाका पदहरूलाई राम्ररी पढे सकिन्छ, भने व्याख्या गरेर यदि नसके पदहरूको सम्झदा दिलाई दिएर खीष्टमा दिनदिनै नयाँ बनाउनु पर्छ ।

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Shanti Poudel

Editor: Nava Raj Panta

website: www.nepalherald.blogspot.com